नेपाल राष्ट्र बैंक
*वित्तीय संस्था सुपरिवेक्षण विभाग*

केन्द्रीय कार्यालय
वालुवाटार, काठमाण्डौ
फोन नं : ४१४९९६
फयाक्स : ४१५१५८
E-mail : nrbfisd@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम "रावा"
टेलेक्स: २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

मिति: २०६४।१२।११

पत्रसंख्या :वि.सं.सु.वि./परिपत्र-१/०६४/६५

श्री "ग" वर्गको वित्तीय संस्थाहरु ।

विषयः- **शिघ्र सुधारात्मक कारवाही (PCA) सम्बन्धी व्यवस्था बारे ।**

महाशय,

यस बैंकको सञ्चालक समितिले ***"शिघ्र सुधारात्मक कारवाही सम्बन्धी विनियमावली, २०६४"*** पारित गरेको व्यहोरा त्यस वित्त कम्पनीको जानकारीको लागि अनुरोध छ । सोको पूर्ण अँश यस बैंकको वेबसाइटमा राखिएको छ । विनियमावली अनुसार बैंक तथा वित्तीय संस्थाको पूँजीकोष तोकिएको अनुपातभन्दा अपर्याप्त भएमा तुरुन्त निम्नानुसारको कारवाही हुने गरी उक्त विनियमावली २०६५ कात्तिक १ गतेदेखि लागु हुने व्यहोरा त्यस वित्त कम्पनीको सञ्चालक समिति लगायत उच्च व्यवस्थापनको जानकारीको लागि अनुरोध गर्दछु ।

(क) तोकिएको न्यूनतम पूँजीकोष अनुपातभन्दा २ प्रतिशतसम्मको बिन्दुले कम भएमा -
- (अ) सुधार कार्यक्रमहरु सम्बन्धमा बैंक/वित्तीय संस्थाको उच्च व्यवस्थापनसँग छलफल गरी छलफलका विषयवस्तुलाई अभिलेखको रुपमा राख्ने ।
- (आ) बैंक/वित्तीय संस्थाको पूँजी वृद्धि (रि-क्यापिटलाईजेशन) गर्न पूँजी योजना माग गर्ने ।
- (इ) लाभांश तथा बोनस शेयर घोषणा गर्न रोक लगाउने ।
- (ई) नयाँ शाखा खोल्न रोक लगाउने ।
- (उ) निक्षेप परिचालनको सीमा कायम गर्ने ।

(ख) तोकिएको न्यूनतम पूँजीकोष अनुपातभन्दा २ प्रतिशतभन्दा बढी र ४ प्रतिशतसम्मको बिन्दुले कम भएमा -
- (अ) खण्ड (क) बमोजिमका कारवाहीहरु गर्ने ।
- (आ) कर्जा कारोवारको सीमा कायम गर्ने ।
- (इ) खरिद वा लिज प्रक्रियामार्फत थप स्थीर सम्पत्ति प्राप्त गर्नु पूर्व नेपाल राष्ट्र बैंकको स्वीकृति लिनुपर्ने ।
- (ई) निक्षेप परिचालन र कर्जा तथा सुविधा प्रवाहसँग सम्बन्धित नयाँ व्यावसायिक क्रियाकलाप (बिजनेस लाईन) सञ्चालन गर्नु पूर्व नेपाल राष्ट्र बैंकको स्वीकृति लिनुपर्ने ।

(ग) तोकिएको न्यूनतम पूँजीकोष अनुपातभन्दा ४ प्रतिशतभन्दा बढी र ६ प्रतिशतसम्मको बिन्दुले कम भएमा-
- (अ) खण्ड (ख) बमोजिमका कारवाहीहरु गर्ने ।
- (आ) थप निक्षेप खाता खोल्न प्रतिबन्ध लगाउने ।
- (इ) कर्जा प्रवाहमा प्रतिबन्ध लगाउने ।
- (ई) खरिद वा लिज प्रक्रियामार्फत थप स्थीर सम्पत्ति प्राप्त गर्न प्रतिबन्ध लगाउने ।
- (उ) नेपाल राष्ट्र बैंकको पूर्वस्वीकृति बिना बैंक/वित्तीय संस्थाका सञ्चालक तथा कर्मचारीहरुलाई प्रोत्साहन भत्ता, संस्था छोड्दा दिने अन्य सुविधा बृद्धि, व्यवस्थापन शुल्क वा व्यवस्थापनको तजविजले दिनसक्ने अन्य क्षतिपूर्ति आदि प्रदान गर्न रोक लगाउने ।

क्रमश.... २

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाण्डौ
फोन नं : ४१४९९६
फयाक्स : ४१५१५८
E-mail : nrbfisd@nrb.org.np
Web Site : www.nrb.org.np
टेलिग्राम "रावा"
टेलेक्स: २२०७ रावा एनपी
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
*वित्तीय संस्था सुपरिवेक्षण विभाग*



(घ) तोकिएको न्यूनतम पूँजीकोष अनुपातभन्दा ६ प्रतिशतभन्दा बढी र ८ प्रतिशतसम्मको बिन्दुले कम भएमा -
- (अ) खण्ड (ग) बमोजिमका कारवाहीहरु गर्ने ।
- (आ) तलब भत्ता तथा अन्य आर्थिक सुविधा वृद्धि, नयाँ कर्मचारी भर्ना तथा बढुवा गर्नमा रोक लगाउने ।
- (इ) पूँजी पर्याप्तता सम्बन्धी कारवाही प्रारम्भ भएको मितिले छ महिनाभित्रमा तोकेका मापदण्ड अनुसारको पूँजीकोष कायम नभएमा बैंक/वित्तीय संस्थाका सञ्चालकहरु तथा कार्यकारी प्रमुखलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा १०० को उपदफा (२) बमोजिमका कारवाहीहरु गर्ने ।

(ङ) तोकिएको न्यूनतम पूँजीकोष अनुपात ८ प्रतिशतभन्दा बढी बिन्दुले कम भएमा -
- (अ) खण्ड (घ) बमोजिमका कारवाहीहरु गर्ने ।
- (आ) बैंक/वित्तीय संस्थालाई समस्याग्रस्त घोषणा गरी नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६ अनुरुपको कारवाही प्रारम्भ गर्ने ।
- (इ) समस्याग्रस्त घोषणा गरेको छ महिनासम्ममा पनि पूँजीकोष पर्याप्त नभएमा बैंक/वित्तीय संस्थाको इजाजतपत्र रद्द गर्ने वा खारेजीको प्रक्रिया शुरु गर्ने ।
- (ई) नेपाल राष्ट्र बैंक ऐन, २०५८ र/वा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ अनुरुपका अन्य आवश्यक कारवाहीहरु गर्ने ।

कृपया पत्रको पहुँच दिनहुन अनुरोध छ ।

भवदीय,

(भोलाराम श्रेष्ठ)
कार्यकारी निर्देशक